बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बिर्तामोड, झापा

## मेयर विषादि मुक्त नगर कार्यक्रम कार्यान्वयन सम्बन्धि
## सार्वजनिक सुचना
## प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२०

बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७७/७८ को **मेयर विषादि मुक्त नगर कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक कृषकहरुले तपशिल बमोजिमका कागजातहरु सहित सुचना प्रकाशित भएको मितिबाट **३० दिन** भित्र कार्यालय समयमा नगरपालिका कार्यालय कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. मेयर विषादि मुक्त नगर कार्यक्रमतर्फ ३० जना कृषकहरुको छनौट गरिने छ ।
२. यो कार्यक्रममा बिर्तामोड नगरपालिका क्षेत्रभित्र तरकारी उत्पादनमा आवद्ध कृषकहरु मात्र संलग्न हुन पाउने छन् ।
३. कृषकहरुको छनौट गर्दा तरकारी उत्पादनमा संलग्न युवा कृषकहरुलाई प्राथमिकता दिइने छ ।
४. कार्यक्रममा संलग्न हुन चाहने कृषकहरुले वर्षभरि नै कम्तिमा १० कठ्ठा क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने छ ।
५.छनौट भएका कृषकहरुलाई प्रांगरिक मल उत्पादन, बानस्पतिक विषादि निर्माण, विषादि रहित तरकारी उत्पादन र तरकारी उत्पादन सम्बन्धि तालिमहरु दिनुका साथै आवश्यक सामाग्रिहरु सहयोग गरिने छ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. १० कठ्ठा जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि वा लिजमा लिएको भए कम्तिमा १० वर्षको लागि गरिएको संझौता पत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सम्वन्धित वडाको सिफारिस ।
४.फर्म दर्ता गरेको भए सोको प्रतिलिपि र पान नं. प्रतिलिपि ।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बिर्तामोड, झापा

## एकिकृत शत्रुजीव व्यावश्थापन (आई.पी.एम.) कार्यक्रम कार्यान्वयन सम्बन्धि सार्वजनिक सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०६/२०**

बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७७/७८ को **एकिकृत शत्रुजीव व्यावश्थापन** (आई.पी.एम.) **कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह र कृषि सहकारीहरुले तपशिल बमोजिमका कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिबाट **३० दिन** भित्र कार्यालय समयमा नगरपालिका कार्यालय कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. आई. पी. एम. कार्यक्रम अन्तर्गत ४ वटा कृषक समुह तथा कृषि सहकारीहरुको छनौट गरिने छ ।
२.. कृषक समुह/कषि सहकारीहरुले आफुले ईच्छाएको विषयमा आई.पी.एम. कार्यक्रम संचालन गर्न सक्नेछन् ।
३. बाली शुरु भएपछि उत्पादन भए सम्म कृषकहरु आई.पी.एम. कक्षामा सहभागि हुनु पर्नेछ ।
४.छनौट भएका कृषक समुह/कृषि सहकारीहरुलाई आई.पी.एम सहजकर्ताद्धारा कक्षा संचालन गराईने छ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक समुह/कृषि सहकारी संस्थाहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि ।
४. उक्त कामको लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अक्तियारी पत्र ।
५. सम्बन्धित वडाको सिफारिस ।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बिर्तामोड, झापा

## समुहको मागमा आधारित तालिम कार्यक्रम कार्यान्वयन सम्बन्धि
## सार्वजनिक सुचना
## प्रथम पटक प्रकाशित मिति : २०७६/०६/२०

बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७७/७८ को **समुहको मागमा आधारित तालिम कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह र कृषि सहकारीहरुले तपशिल बमोजिमका कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिबाट **३० दिन** भित्र कार्यालय समयमा नगरपालिका कार्यालय कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. समुहको मागमा आधारित तालिम कार्यक्रम अन्तर्गत ५ वटा कृषक समुह/कृषि सहकारीहरुको छनौट गरिने छ ।
२. कृषक समुह/कृषि सहकारीहरुले आफुले ईच्छाएको विषयमा तालिम कार्यक्रम माग गर्न सक्नेछन् ।
३. सहभागिहरुलाई ३ दिनको सैद्धान्तिक तथा व्यवहारिक तालिम उपलब्ध गराइने छ ।
४.स्थलगत तालिमको नियम अनुसार तालिम संचालन गर्ने स्थान समुह तथा सहकारी आफैले व्यवश्थापन गर्नु पर्नेछ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक समुह/कृषि सहकारी संस्थाहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि ।
४. उक्त कामको लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अक्तियारी पत्र ।
५. सम्बन्धित वडाको सिफारिस ।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner